विशेष अदालत काठमाडौं
इजलास नं. २
सदस्य माननीय श्री नारायणप्रसाद पौडेल
सदस्य माननीय श्री हेमन्त रावल
सदस्य माननीय श्री डिल्लीरत्न श्रेष्ठ
आदेश
मुद्दा नं.०८१-CR-००९५

नेपाल सरकार.......................................................................................................वादी

विरुद्ध

मोहन बहादुर बस्नेतसमेत.......................................................................................प्रतिवादी

मुद्दाः भ्रष्टाचार (हानिनोक्सानी) ।

यसमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी हेरियो।

प्रस्तुत मुद्दामा देहायका कार्यहरु यथाशिघ्र सम्पन्न गरी नियमानुसार पेश गर्नूः-

१.) मिति २०८०।९।१२ गते प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले नेपाल दूर संचार प्राधिकरणलाई आरोप दावीको खरिद कार्यलाई यथास्थितिमा राख्नु भनी दिएको निर्देशन सम्बद्ध प्रतिवेदन सहितको फाईलको प्रमाणित प्रतिलिपि सार्वजनिक लेखा समितिवाट झिकाउनू।

२.) आरोप दावीको TERAMOCS खरिद प्रक्रियासँग सम्बन्धित सक्कल फाईल पेशीका दिन ईजलास समक्ष देखाई फिर्ता लाने गरी दुर संचार प्राधिकरणबाट झिकाउनू।

३.) आरोप दावीको TERAMOCS खरिद मा रु.१,११,६२,५२,१४३।- भुक्तानी भएको भन्ने आरोप पत्रमा उल्लेख भएको देखिएको र खरिद भएका सामानहरु जडान समेत भैसकेको भन्ने आपुर्ति कर्ताको जिकिर रहेको देखिन्छ। अतः आपुर्ति भई जाडान भएको भनिएको प्रणाली तथा सामाग्रीहरुको गुणस्तर तथा मापदण्ड सम्झौता बमोजिम भए नभएको परीक्षणको लागि विशेष अदालत नियमावली, २०८० को नियम ५९ बमोजिम नेपाल दुरसञ्चार प्राधिकरणका बिषय बिज्ञ वरिष्ठ ईन्जिनियरको संयोजकत्वमा त्रिभुवन विश्वबिद्यालय अन्तर्गतको पुल्चोक ईन्जिनियरिङ क्याम्पसका टेलिकम्युनिकेसन एण्ड ईलेक्ट्रोनिक्स विषय बिज्ञ प्राध्यापक र केन्द्रिय प्रहरी अनुसन्धान ब्यूरोका विषय बिज्ञ सदस्य रहेको विषय बिज्ञ समूह गठन गरिदिएको छ। अख्तियार

Scanned with CamScanner

दुरुपयोग अनुसन्धान आयोगका टेली कम्युनिकेसन बिज्ञ केशव ज्ञावली र आपुर्तिकर्ता Venrise solutions SAL का आधिकारिक प्रतिनिधिको उपस्थितिमा उल्लेखित प्रविधि तथा सामाग्रीहरु खरिद सम्झौता वमोजिमको भए नभएको सम्वन्धमा उक्त टोलिद्वारा प्राविधिक परीक्षण गराई प्रतिवेदन सहित पेश गर्नू ।

सदस्य　　　　सदस्य　　　　सदस्य

इति सम्वत २०८२ माघ १३ गते रोज ३ शुभम्.......................................................।

Scanned with CamScanner